# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०७।१६ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

ईलाका प्रहरी कार्यालय, खजुरी, धनुषाबाट अनुसन्धान भएको मिति २०७५।५।८ गते १२ बर्षीया बालिकाको जवरजस्ती करणी भएको घटनाको अनुसन्धानको क्रममा जनकपुर अञ्चल अस्पताल, जनकपुरधाम, धनुषाका डा. भि.के.सिंह भनिने विजयकुमार सिंह र डा. रम्भा गोइतले मिति २०७५।५।९ गते पीडित बालिकाको स्वास्थ्य परीक्षण गरी गलत प्रतिवेदन दिएको तथ्य मिति २०७५।५।२५ गते जिल्ला अस्पताल सिरहामा गरिएको पीडित बालिकाको स्वास्थ्य परिक्षण प्रतिवेदनबाट देखिएको भन्ने व्यहोराको उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा अनुसन्धान तहकीकातबाट संकलित मिसिल संलग्न कागजातहरुको समष्टिगत अध्ययन विश्लेषण गरी हेर्दा जनकपुर अञ्चल अस्पतालका चिकित्सकहरु डा. विजयकुमार सिंह र डा.रम्भा गोइतले निज बालिकाको स्वास्थ्य परीक्षण गर्दा चिकित्सकले संवेदनशील रुपमा न्यूनतम गर्नसक्ने र गर्नुपर्ने काम समेत नगरी चरम लापरवाही गरी अनुसन्धान कार्यलाई प्रभावित गर्ने किसिमले स्वास्थ्य परीक्षण प्रतिवेदन दिएको तथ्य पीडितको सिरहा जिल्ला अस्पतालमा पुनः गरिएको स्वास्थ्य परिक्षण प्रतिबेदनले प्रमाणित हुन आएको हुँदा निजहरू डा. विजयकुमार सिंह (ने.मे.का. दर्ता नं. ३१५५) र र डा.रम्भा गोइत (ने.मे.का.दर्ता नं. १०२०६ ) ले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको देखिएकोले निजहरू उपर सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता